**नेपाल सरकार**

**गृह मन्त्रालय**

**सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुर**

**पुराना जिन्सी सामानहरुको लिलाम/बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७८/०७/१६ गते)**

सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम/बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई यस विज्ञापनको माध्यमबाट बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरीएको छ।

| सि.नं. | पुराना जिन्सी सामनहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुरानो काठ, सिल्बर, प्लास्टिक, पित्तल, फलाम, स्टिल र अन्य जिन्सी सामानहरुसँग सम्बन्धित | रु.९०,५८०.०५ | रु.१,०००/- | |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुर मिति २०७८/०७/२१ गतेको कार्यालय समय भित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ। बोलपत्र फाराम मिति २०७८/०७/२२ गतेको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ र रीतपूर्वक दर्ता भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे जिल्ला प्रशासन कार्यालय, भक्तपर, कोष तथा लेखा नियन्त्रण कार्यालय, भक्तपुरबाट तोकिएका प्रतिनिधिहरुको रोहबरमा सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरमा खोलिनेछ। बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ। बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी , भक्तपुरको कार्यालय कोड नं.३१४०५३३०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, भक्तपुरको धरौटी खाता नं.१९-५१-९०७४ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र प्रतिशत) समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्व दाखिला गरिने छ। लिलाम/बिक्रीमा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिक्ताको प्रमाण-पत्रको प्रतिलिपि, ईच्छुक फर्म, संस्था वा कम्पनिहरुको ईजाजत प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-५१४४५१०, ९८५१२७२०६७ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** <u>**www.apf.gov.np**</u> मा समेत राखिएको छ ।